परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १३ ❑ अंक ३६ २०८२ वैशाख २१ आईतवार Sunday 4, MAR 2025 ❑ पृष्ठः ६, ❑ मूल्य रु. १०/-

**नेपाल खानेपानी संस्थान**
शाखा कार्यालय, विराटनगर

**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

**पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।**

## कोशी प्रदेशको लगानी सम्मेलनमा १ खरब, ५२ अरब १६ करोडको परियोजनामा सम्झौता




विराटनगर । कोशी प्रदेश सरकारले बैशाख १८ र १९ गते आयोजना गरेको लगानी सम्मेलनमा १ खरब ५२ अरब १६ करोडको परियोजनामा सम्झौता (एमओयु) भएको छ ।

शुक्रवार कोशी प्रदेशका मुख्यदमन्त्री हिक्मत कुमार कार्कीको उपस्थितिमा भएको समापन समारोहमा लगानी प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक डाक्टर सरोज कोइराला र लगानीकर्ताहरु बीच सम्झौता भएको थियो ।

प्रदेश लगानी प्राधिकरणका अनुसार कृषिका ८ परियोजनामा ३ अरब, ऊर्जाको ३ परियोजनामा ८ अरब ६२ करोड, उद्योगका १२ परियोजनामा ६६ अरब ८७ करोड, पूर्वाधारको ९ परियोजनामा ३८ अरब ४१ करोड, सूचना प्रविधिको २ परियोजनामा ४७ करोड, पर्यटनको १० परियोजनामा ३४ अरब १९ करोड र फोहोर मैला व्यवस्थापनको ६० करोडको परियोजनामा सम्झौता (एमओयु) सम्पन्न भएको थियो । निजी क्षेत्रका १९ वटा र सार्वजनिक निजी साझेदारीका २७ वटा परियोजनामा सम्झौता ( एमओयु) भएको छ ।

प्रदेश सरकारले लगानी सम्मेलनमा ७१ वटा परियोजना सोकेसिङ गरेको थियो । सोकेसिङ परियोजनाको अनुमानित लागत १ खरब ७३ अरब ४९ करोड रहेको थियो ।

वांकी अन्तिम पेजमा...

## प्रतिबन्धित लागुऔषध सहित ६ जना पक्राउ

सुनसरी । सुनसरीको विभिन्न स्थानहरुबाट प्रतिबन्धित तथा नियन्त्रित औषधि सहित ६ जानालाई प्रहरीले पक्राउ गरेको छ ।

शुक्रवार धरान उप-महानगरपालिका-१ शितल मार्ग स्थितमा डेरा गरी बस्ने मानिसहरुले लागु औषध करोवार गरी रहेको भन्ने गोप्य सुचनाको आधारमा वडा प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलिले उनीहरुलाई पक्राउ गरिएको थियो ।

पक्राउ पर्नेमा भोजपुरका ३० वर्षीय सुजन श्रेष्ठ, १७ वर्षीय अंगत श्रेष्ठ, ३१ वर्षीय सागर राईलाई कोठा भित्र लुकाई छुपाई राखेको प्रतिबन्धित औषधी ट्रामाडोल, कोलिवान, स्पास्पेन, डिकोलिक, नेटराजेपाम, एरोमिनिक गरी १० हजार ३ सय १५ पिस, ब्राउन सुगर १ ग्राम ७ सय ६० मिलिग्राम र नगद रुपैया २ लाख ५३ हजार ७ सय ९६ सहित पक्राउ गएिको थियो ।

सोहिदिन वडा प्रहरी कार्यालय धरानले धरान उप-महानगरपालिका-१५ स्थितबाट धनुषा जनकपुर घर भई हाल सुनसरी धरान-१५ लक्ष्मन मार्ग स्थितमा डेरा लिई बस्ने २५ वर्षीय राहुल शाह र निजकै श्रीमती २४ वर्षीया लक्ष्मी राईको कोठाबाट ट्रामाडोल-५ हजार ५० क्याप्सुल, र धरान-१७ सियोन मार्ग स्थितमा डेरा लिई बस्ने ४० वर्षीया ममता भगतको कोठा बाट ट्रामाडोल, २० स्पास्पेन, ओपाडोल गरी ६ हजार २ सय ८५ चक्की

वांकी अन्तिम पेजमा...

## प्रेस स्वतन्त्रता दिवसको अवसरमा दुई पत्रकार पुरस्कृत एक सम्मानित

विराटनगर । विश्व प्रेस स्वतन्त्रता दिवसका अवसर पारेर नेपाल पत्रकार महासंघले २ जना पत्रकारलाई पुरस्कृत र १ जनालाई सम्मानित गरेका छन् ।

पत्रकार महासंघ मोरङले षष्ठीका बस्नेत सूचनाको हक पुरस्कारबाट पत्रकार किशोर बुढाथोकीलाई १ लाख १ हजार राशिको पुरस्कृत गरेका छन् । अर्को सूचनाको हक सम्बन्धी प्रोत्साहन पुरस्कार झापाका पत्रकार सुरेन्द्र भण्डारीलाई प्रदान गरिएको छ । सो पुरस्कारको राशि २५ हजार रुपैयाँ रहेको छ । त्यस्तै कार्यक्रममा अग्रज पत्रकार यज्ञ शर्मालाई सम्मान गरिएका छन् ।

भोजपुरको षडानन्द नगरपालिका-८ तुङ्गेछा (साविकको तुङ्गेछा गाविस-१) घर भएका बुढाथोकी २ दशक अघिदेखि पत्रकारितामा सक्रिय छन् ।

उक्त कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सूचनाको हक अधिकारको प्रयोग गरी प्रदेश सरकार एवं यस अन्तर्गतका कर्मचारीहरुमा सुशासन एवं पारदर्शीता कायम गर्ने कार्यमा पत्रकारहरुले योगदान पुऱ्याएको भन्दै सत्यतथ्य विवरण सहितको सूचना आम जनता समक्ष पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्नु पर्नेमा जोड दिएका थिए ।

वांकी अन्तिम पेजमा...

**कोशी अस्पतालद्धारा जनहितमा जारी सूचना**

- कोशी अस्पताल परिसर भित्र जथाभावी फोहर नगरौं ।
- कोशी अस्पताल आउने सेवा ग्राहीले अनिवार्य रुपमा मास्कको प्रयोग गरौ ।
- अस्पताल परिसरमा जथाभावी पार्किङ्ग नगरौं ।
- कोशी अस्पतालमा भर्ना भई उपचार गर्ने विरामीसंग एक जना कुरुवा मात्र बसौं ।
- अस्पतालमा पुर्जी काट्दा, डाक्टरसँग जाँच गराउँदा, जाँचको शुल्क बुझाउँदा, औषधी लिदा, औषधीको पूर्जामा विमाको छाप लगाउँदा, लगायतको सेवा लिदा आफ्नो पालो पर्खौं ।
- अस्पताल परिसर भित्र सुर्ती जन्य पदार्थ र धुम्रपान प्रयोग नगरौ ।
- अस्पताल परिसर भित्र भिडभाड हुने हुँदा पाकेट मार र उपचारको नाममा ठगी गर्ने दलालहरुसंग बचौं ।
- अस्पताल सबैको साझा सम्पत्ति भएकोले अस्पतालको सम्पत्तिलाई सबै मिलि संरक्षण गरौं ।
- स्वास्थ्य विमा गरेका स्वास्थ्य संस्थावाट रेफर सिफारिस अनिवार्य लिएर आउनु होला ।
- अस्पतला परिसर भित्र आफ्नो समानको सुरक्षा आफै गरौं, समान हराएमा अस्पताल जिम्मेवार हुने छैन

**कोशी अस्पताल विराटनगर, कोशी प्रदेश**

**हार्दिक मंगलमय शुभकामना**

**नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

स्वास्थ्य र शान्तीका लागि वातावरण
नेपाल प्रधान कार्यालय परिवार
विराटनगर-१०

**हार्दिक मंगलमय शुभकामना**

**नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

राजेन्द्र कुमार थापा (अध्यक्ष)
सहमती बचत तथा ऋण सहकारी संस्था
लिमिटेड, विराटनगर-८ परिवार

क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## प्रतिबन्धित...

औषधी सहित पक्राउ गरेको थियो ।

पक्राउ परेका उपर सम्वन्धित प्रहरी कार्यालयवाट थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## कोशी प्रदेशको...

शुक्रवार समापन कार्यक्रम लाई सम्बोधन गर्दै कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले लगानी सम्मेलन ऐतिहासिक र भव्य रुपमा सम्पन्न भएको जानकारी गराएका थिए ।

सोही कार्यक्रममा आन्तरिक मामला तथा कानुनमन्त्री रेवती रमण भण्डारीले प्रदेश सरकारले गरेका कानुनी र नीतिगत कुराका बारेमा प्रकाश पार्दै प्रदेशमा लगानी मैत्री वातावरण सिर्जना गर्ने गरी सरकार अगाडि बढेको जानकारी गराएका थिए ।

पूर्व मुख्यमन्त्री केदार कार्कीले लगानी मैत्री वातावरण बनाउन कानुन संशोधन गर्ने कुरा गाह्रो नभएको बताउँदै सरकार र मुख्यमन्त्रीले चाहेमा तत्काल संशोधन हुने र यसले लगानीको वातावरण तयार हुने वताएका थिए ।

कोशी प्रदेश सभाका सभामुख अमरबहादुर बिष्टले सम्मेलन सफल भएको वताए । चिनियाँ लगानीकर्ता लियाङ झुङ, गैर आवसीय नेपाली लगानीकर्ता रेजिना राई प्रधान, लगानीकर्ता गालभ ढुंगाना लगायतले कोशी प्रदेशमा लगानीको सम्भावना रहेको वताएका थिए ।

## प्रेस...

त्यसैगरी विराटनगर महानगरपालिका प्रमुख नागेश कोइरालाले सञ्चार कर्मीहरुले कमलको माध्यम बाट समाजमा रहेका विकृति, भेदभाव, छुवाछुत , बालबाल विवाह, महिला हिंसा नियन्त्रणमा भूमिका निर्वाह गर्नुपर्ने सुझाव दिएका थिए । उक्त अवसरमा पुरस्कार कोषका संस्थापक केदार बहादुर बस्नेत, महासंघ केन्द्रीय सदस्य कमल रिमाल, मुख्यमन्त्रीका प्रेस सल्लाह कार विक्रम लुईटेल, प्रदेश अध्यक्ष भरत खड्का, मोरङ उपाध्यक्ष सन्तोष सिग्देल र पूर्व प्रदेश अध्यक्ष लिला वल्लभ घिमिरेले सर्वजनिक निकायलाई पारदर्शी बनाउन एवं जनतामा



षष्ठीका बस्नेत सूचनाको हक पुरस्कारबाट पुरस्कृत हुने किशोर बुढाथोकी, बीचमा, प्रोत्साहन पुरस्कारबाट पुरस्कृत हुने सुरेन्द्र भण्डारी र सम्मानित हुने यज्ञ शर्मा

सूचनाको हकको पहँचमा पुरस्कारले सहयोग पऱ्याएको वताएका थिए ।

सूचनाको हकको क्षेत्रमा क्रियाशील रहेर नीति निर्माण, सुशासन एवं पारदर्शिताको पक्षमा काम गर्ने, सूचनाको हकको प्रवर्धन, नागरिक जागरण र प्रचार-प्रसारमा सक्रिय व्यक्तिलाई प्रदान गर्ने गरिन्छ । प्रत्येक वर्ष नेपाल पत्रकार महासंघको स्थापना दिवसको अवसरमा पुरस्कार वितरण गरिँदै आएको थियो ।

यसवर्ष पनि चैत १६ गते महासंघको ७० औं स्थापना दिवसको अवसरमा पुरस्कार वितरण समारोह राखिएको थियो । तर, राजावादीको हिंसात्मक आन्दोलनमा पत्रकार सुरेश रजकको निधन भएपछि पत्रकार महासंघ आन्दोलित बन्यो । जसका कारण पुरस्कार वितरण कार्यक्रम सरेको थियो ।


## जन्म दर्ता गर्न आवश्यक कागजात

- आमा वा बुवाको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- स्वास्थ्य संस्था वा स्पतालमा जन्म भएको भए उक्त संस्थावाट जारी जन्म प्रमाण,
- घरमा जन्म भएको हकमा खोप कार्ड,
- बाबु वेपत्ता वा ठेगाना थाहा नभएको भए सो सम्बन्धि प्रहरी प्रतिवेदन,

नेपाल सरकार, विज्ञापन बोर्ड

## वनजन्तु तथा चराचुरुङ्गीको संरक्षण सम्बन्धी डिभिजन वन कार्यालय, मोरंङ्गको अत्यन्त जरुरी सूचना

वनजंगल र वन्यजन्तुहरुको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम स्वीकृति नलिई कुनैपनि वन्यजन्तु तथा चराचुरुङ्गी पाल्नु हुँदैन वन्यजन्तुलाई कुनै तरिकाले लखेट्ने, पक्रने, दुःख दिने, मार्ने वा सो गर्न प्रयत्न गर्ने वा त्यसको शरिरको कुनै अङ्ग भिक्ने वा नष्ट गर्ने वा त्यसको अण्डा, गुँड भिक्ने, नष्ट गर्ने वा खलबल गर्ने एवं आखेटोपहार ओसारपसार वा खरिद बिक्री गर्नु गराउनु दण्डनीय अपराध हो। यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँ देखि दश लाख रुपैयासम्म जरिवाना वा पाँच वर्ष देखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुने कानुनी प्रावधान रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ।

डिभिजन वन कार्यालय मोरंग

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

अजय कुमार चौधरी
प्र.प्रशासकिय अधिकृत

नितु कुमारी चौधरी
उपाध्यक्ष

जिबछ कुमार राय
अध्यक्ष

बर्जु गाउँपालिका, गाउँपालिकाको कार्यालय,
कोशी प्रदेश, सुनसरी, नेपाल

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

शिल्पा निराला कार्की
महानगर उप-प्रमुख

नागेश कोइराला
महानगर प्रमुख

विराटनगर महानगरपालिका, महानगर
पालिकाको कार्यालय मोरंग कोशी प्रदेश


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### लगानी सम्मेलन उत्साहजनक

कोशी प्रदेशको लगानी दुई दिने लगानी सम्मेलन विहीवार सरु भई शुक्रवार उत्साहजनक सम्झौताहरु गरी सम्मेलन सम्पन्न भएको छ । कोशी प्रदेशको प्राकृतिक स्रोत साधन, कृषिको उपयुक्त भूगोल, र जनशक्तिको सस्तो उपलब्धताको हिसाबले लगानीका लागि अत्यन्त आकर्षक गन्तव्य भएकै कारण लगानी कर्ताहरुले लगानी गर्न उत्साह जनक सहभागीता देखाएको थियो। सम्झौता भएको विषय बस्तहरुको सफल कार्यान्वय गर्न चुनौति रहेको भएता पनि त्यसलाई चिर्दै अगाडी बढ्नुको विकल्प छैन ।

लगानी सम्मेलनमा १ खरब ५२ अरब १६ करोडको परियोजनामा सम्झौता (एमओयु) भएको छ। सम्झौता भएको परियोजनमा कृषिका ८ परियोजनामा ३ अरब, ऊर्जाको ३ परियोजनामा ८ अरब ६२ करोड, उद्योगका १२ परियोजनामा ६६ अरब ८७ करोड, पूर्वाधारको ९ परियोजनामा ३८ अरब ४१ करोड, सूचना प्रविधिको २ परियोजनामा ४७ करोड, पर्यटनको १० परियोजनामा ३४ अरब १९ करोड र फोहोर मैला व्यवस्थापनको ६० करोडको परियोजनामा सम्झौता (एमओयु) भएको छ। जसमध्ये निजी क्षेत्रका १९ वटा र सार्वजनिक निजी साझेदारीका २७ वटा परियोजनामा सम्झौता (एमओयु) भएको छ ।

लगानी सम्मेलनलाइ सफल बनाउन मुल चाबी दुई पक्ष बीच भएको सम्झौता हो । सम्झौतालाई कार्यान्वय गर्न दुवैपक्ष इमान्दार बन्न जरुरी छ। कागजमा समेटिएको सपनालाई सकार बनाउन जमिनमै टेकेर अगाडी बढ्नुको विकल्प छैन । कोशी प्रदेशको कयापलट गर्न लगानी सम्मेलनले ठूलो अवसर दिएको छ । यो अवसरलाई सफल बनाउन सबै राजनीतिक दल, संघ संस्था एक जुट भएर रुपान्तरणको लागि काँधमा काध मिलाएर अगाडी बढ्नु आजका आवश्यकता छ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरन्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# भारतमा नागकिता कसरी पाईन्छ ?

दिपेन्द्र झा

यो राष्ट्रवाद जागेको बेला हो। यतिबेला राष्ट्रवादीहरुको भाष्यभन्दा फरक धारमा बोल्नु आफैंमा जोखिमपूर्ण हुन सक्छ।

आज नेपालीसँग विवाह गर्ने विदेशी महिलालाई ७ वर्षपछि मात्र नेपालको नागरिकता दिने प्रस्ताव नेकपाले पारित गरिसकेको छ। यो निर्णयले नेपालको आम मधेसी समुदायमा एकखालको मनोवैज्ञानिक त्रास पैदा गरेको छ।

नेपालको संविधानको धारा २८९(१) ले पहिले नै नागरिकता सम्बन्धी व्यवस्थाहरु अंगीकार गर्दा वंशजभन्दा अन्य प्रकारका नागरिकताधारीलाई महोत्तवपूर्ण संवैधानिक पदमा पुग्नबाट प्रतिबन्ध गरेको छ। वंशज नागरिकताधारी बाहेकलाई यो एकप्रकारको राजनीतिक अधिकारमा कटौती हो।

कुनै पनि भारतीयसँग विवाह गर्ने विदेशी व्यक्तिलाई भारतमा सात वर्षसम्म लगातार बसोबास गरेको खण्डमा नागरिकता दिने व्यवस्था भाग ५ मा रहेको देखिन्छ। विचार गर्नुपर्ने कुरा के छ भने यो व्यवस्था कुनै व्यक्ति, चाहे महिला होस वा पुरुष, दुबैका लागि खुल्ला छ। न कि नेपालमा प्रस्ताव गरिएको जस्तो महिलाका लागि मात्र सीमित नागरिकता सम्बन्धी प्रावधानमा योखालको झेल भइराख्दा अधिकांश उदारवादी दावी गर्ने लेखक विश्लेषकले सात वर्षपछि दिने बैवाहिक अंगीकृत नागरिकता सम्बन्धी संघीय कानुनले विदेशी महिलालाई नागरिकता दिने प्रावधानले खासै प्रभाव नपार्ने दाबी गरिरहेका छन्। एक हातले सिन्दुर र अर्को हातले नागरिकता दिन सकिँदैन भनिरहेका छन्। भौगोलिक परिवेशका कारण राष्ट्रियता खतरामा पर्ने अनुमान लगाइरहेका छन्।

तर, यतिका वर्षसम्म नेपालीसँग विवाह गर्ने विदेशी महिलालाई नागरिकता दिने प्रावधानले कस्तोखालको राष्ट्रिय सुरक्षामा चुनौति उत्पन्न गरयो ? आज आएर के र कुन कारणले सात वर्षको जटिलता उत्पन्न गर्नुपर्ने कारण आइलाग्यो ? यसको प्रष्टताविना नै यस्तो कानुनको निर्माण गर्नुमा संकुचित राष्ट्रवादको आवेग हो कि भनी सजिलै अनुमान लगाउन सकिन्छ।

यस सम्बन्धमा एउटा कारणका रुपमा उछाल्दै आइएको कारण हो- विदेशी महिलाले विवाह गरेमा नागरिकता प्राप्त गर्न भारतमा समेत सात वर्षको प्रावधान राखिएको छ भन्ने तर्क। त्यसैले भारतीय नागरिकता सम्बन्धी कानुन र यसको व्यवहारिक प्रावधानबारे थोरै चर्चा गर्नु यहाँ सान्दर्भिक होला।

भारतीय संविधान र कानुनमा के छ ?

भारतीय संविधानले भारतको संविधान जारी हुँदाका बखतसम्म भारतमा बसोबास भएका र भारतमा जन्मेका सबैलाई भारतीय नागरिक मानेको छ। बाँकी नागरिकतासम्बन्धी व्यवस्थापनको काम भने संसदबाट बन्ने कानुनलाई छोडेको देखिन्छ।

त्यसैअनुसार भारतमा सन् १९५५ मा भारतीय नागरिकता ऐन जारी भएको देखिन्छ। यो कानून हालसम्म धेरैपटक संशोधन हुँदै आएको छ। पछिल्लो पटक, सन् २०१९ मा भएको संशोधन भने मुस्लिम समुदायलाई भेदभाव गर्ने गरी आएकोमा धेरै नै विरोध भएको थियो।

अब कुरा गरौं भारतको नागरिकता कानुनमा व्यवस्था गरिएको वैवाहिक नागरिकताको सम्बन्धमा।

कुनै पनि भारतीयसँग विवाह गर्ने विदेशी व्यक्तिलाई भारतमा सात वर्षसम्म लगातार बसोबास गरेको खण्डमा नागरिकता दिने व्यवस्था भाग ५ मा रहेको देखिन्छ। विचार गर्नुपर्ने कुरा के छ भने यो व्यवस्था कुनै व्यक्ति, चाहे महिला होस वा पुरुष, दुबैका लागि खुल्ला छ। न कि नेपालमा प्रस्ताव गरिएको जस्तो महिलाका लागि मात्र सीमित।

भारतीय नागरिकता कानूनले भारतीय नागरिक कुनै अर्को देशको नागरिकता लिएको खण्डमा भारतको नागरिकता स्वतः बदर हुने व्यवस्था गरेको छ।

त्यसकारण नेपाली नागरिकता लिने भारतीय महिलाले त्यहाँ नागरिकता त्यागेको प्रमाणपत्र ल्याउने औचित्य नै छैन। किनकि त्यहाँ नागरिकताका प्रमाणपत्र भनेर कुनै प्रमाणपत्र नै वितरण गरिएको छैन। तसर्थ नेपालमा गर्न लागिएको यो व्यवस्था लैंगिक हिसाबले समेत विभेदपूर्ण छ।

अब कुरा गरौं यसको व्यवहारिक पक्षका बारेमा।

भारतमा नागरिकता कानुन आएको ६५ वर्ष भइसकेको छ। तर, हालसम्म भारतले नागरिकताको प्रमाणपत्र भनेर कुनै प्रमाणपत्र देशैभरिका नागरिकलाई बाँड्न सकेको अवस्था छैन।

भारतमा विभिन्न प्रयोजन का लागि विभिन्न प्रकारका परिचयपत्रहरु बन्ने र बनाइने क्रम जारी छ। यस्ताखालका परिचयपत्र प्राप्त गर्नका लागि नेपालजस्तो नागरिकता प्रमाणपत्र अनिवार्य गरिएको हुँदैन। जस्तै- रासन कार्ड, आधार कार्ड, भोटर आईडी, प्यान कार्ड, पासपोर्टजस्ता विभिन्न प्रकारका परिचयपत्र हरु स्थानीय निकाय, प्रदेश सरकार तथा केन्द्रीय सरकारले जारी गर्ने गरेका छन्।

रासन कार्डबाट आधारभूत खाद्य आपूर्तिका लागि सहुलियत दरमा उपलब्ध गराइने खाद्यपदार्थहरु भारतीय नागरिकले प्राप्त गर्दछन्। यो परिचयपत्र खाद्य सुरक्षा ऐन अन्तर्गत प्रदेश सरकारले जारी गर्ने गर्छन्। ज्ञातव्य होस, नेपाल भारतका बोर्डरमा रहने धेरै नेपाली नागरिकहरुले समेत यस्तो रासन कार्डहरु बनाएर यो सुविधा प्राप्त गरिरहेका छन्।

आधार कार्ड भने केन्द्रीय स्तरमा जारी हुने ठूलो संयन्त्रको इलेक्ट्रोनिक परिचयपत्र हो। हाल भारतमा धेरै सुविधाहरु र वैंकिग कारोवारमा यस परिचयपत्रलाई लागु गर्न अनिवार्य गर्न थालिएको छ।

तर, पनि भारतीय सर्वोच्च अदालतले भने आधार कार्ड भारतीय नागरिकता परिचय पत्र जस्तो नहुने र यसको प्राप्तिबाट भारतमा बसोबास गरेका कुनै पनि व्यक्तिलाई वञ्चित गर्न नमिल्ने भनी निर्देशनात्मक आदेश गरेको अवस्था छ।

अब नेपालमा भारतको नागरिकतासम्बन्धी कानुनी व्यवस्थालाई मात्र टेको लगाई त्यही व्यवस्थाको कपीपेस्ट नेपालमा पनि गरिनुपर्छ भन्ने तर्क राख्नेहरुले नेपालमा हालसम्म नागरिकताको विकल्पमा अरु परिचयपत्र छ कि छैन खोजविन गर्न आग्रह गर्दछु।

हालसम्म असंख्य नागरि-कता विहीनहरुलाई कुनै पनि कानुनी अधिकार उपभोग गर्ने गरी कुनै प्रकारको परिचयपत्र किन जारी गर्न सकिएन ? भारतमा पनि राष्ट्रपति, उप राष्ट्रपति, महान्यायाधिवक्ता लगायतका केही खास उच्च पदहरु भारतीय नागरिकका लागि मात्र सुरक्षित छ।

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरैसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# गर्मीबाट बच्ने यस्ता छन् ७ उपायहरू



ग्रीष्म ऋतु शुरु भएसँगै अत्याधिक पसिना आउने, कमजोरी महसुस हुने, चक्कर लाग्ने, हेर्न समस्या हुने, धेरै तिर्खा लाग्ने, वाकवाकी लाग्ने, टाउको दुख्ने, सास फेर्न असजिलो हुने, मुटुको धड्कन बढ्ने, छाला पहेंलो हुने जस्ता विभिन्न समस्याहरू निम्तिन्छन् । तर डराउनु पर्दैन, हामीले केही उपाय तथा पूर्व तयारी गरियो भने हामीले गर्मीबाट हुने जोखिमलाई कम गर्न सकिन्छ । यस लेखमा हामीले गर्मीबाट निम्तिन सक्ने समस्याहरूलाई कम गर्ने ७ सुझावहरू प्रस्तुत गरेका छौँ ।

१. हाइड्रेशनः

गर्मी मौषममा हाम्रो शरीरको सबैभन्दा राम्रो साथी भनेको पानी हो । प्रयाप्त मात्रामा पानी पिउनाले हाम्रो शरीरलाई विभिन्न तरिकाबाट फाइदा दिने गर्दछ । तपाईलाई तिर्खा नलागेको भए ता पनि हाइड्रेटेड रहनको लागि नियमित रूपमा पानी पिउने गर्नुहोस् । सामान्यतया प्रति दिन लगभग ८ कप (६४ औंस) पानी पिउनु शरीरका लागि उत्तम मानिन्छ । पानीले तिर्खा मेटाउने काम मात्र गर्दैन, यसले हाम्रो शरीरको तापक्रम नियन्त्रण गर्न पनि मद्दत गर्छ । गर्मीबाट बच्ने पहिलो उपाय भनेको नियमित रुपमा पानी सेवन गर्ने हो । हाइड्रेशन हाम्रो छालाबाट पनि हुने हुँदा चिसो पानीले पनि नुहाउदा पनि यसले गर्मीको प्रभाव कम गर्न सकिन्छ ।

२. पार्क वा सितल भएको ठाउँमा बस्नुहोसः

चर्को घाम लागीरहेको बेला सकेसम्म छत, रुख वा छाताको छायामा बस्नुहोस् । घर भित्र बसिरहनुभएको छ भने पंखा वा एसीको शितलतामा बस्नुहोस् । प्रत्यक्ष सूर्यको किरणबाट बच्नाले गर्मीमा हुने जोखिमलाई उल्लेखनीय रूपमा कम गर्न सकिन्छ । गर्मीबाट छुटकाराको लागि हरियाली र पर्याप्त छाया भएको पार्कहरू, बगैंचाहरू, वा तालहरूमा जानुहोस् । प्रकृतिसँग जोडिनुले तपाईंलाई शान्त रहन मात्र मद्दत गर्दैन, तपाईंको दिमाग र मनलाई पनि आनन्दित हुन मद्दत गर्दछ ।

३. कपडाको छनौटः

कपडाको छनौटले पनि गर्मीयाममा हामीलाई गर्मीको प्रकोपबाट बचाउने गर्दछ । विशेष गरी गाढा रङका लुगाहरूको साटो हल्का, लुज-फिटिंग कपडाहरू लगाउने गरेमा पनि गर्मीको जोखिम कम हुने गर्दछ । कपास वा लिनेन जस्ता कपडाहरू लगाउने गर्नुहोस्, किनकि तिनीहरूमा हावाको संचार राम्रो हुन्छ र तपाईंको शरीरलाई धेरै तातो हुनबाट रोक्दछ ।

४. खानेकुराहरूः

गर्मीयाममा विशेषत हामीले शरीर चिसो बनाउने खानेकुरा वा फलफूल जस्तै खर्बुजा, काक्रो, नरिवल, सुन्तला, कागती, अंगुर, भुइ कटर, अनार, अम्बा, आदि खाने गर्नु पर्दछ । यस्ता फलफूलले पनि शरीरलाई हाईड्रेट गर्ने गर्दछन् । त्यसै गरी अदुवा, बेसार, मरिच, तोरी, लगायत शरीरलाई गर्मी गर्ने खानेकुराहरूलाई कम गर्नु पर्दछ ।

५. घर शितल बनाउनेः

आफ्नो बस्ने ठाउँलाई प्रत्यक्ष सूर्यको किरणबाट जोगाउन पर्दा वा ब्लाइन्डहरू प्रयोग गर्नुहोस् । इलेक्ट्रोनिक सामाग्री प्रयोग नभएको बेला बन्द गर्ने र घरमा हावाको बहावलाई सञ्चालन गर्नु पर्दछ । साथ साथै गर्मीको जोखिमबाट बच्नका लागि घर वरपर रुख बिरुवाहरू रोप्ने गर्नु पर्दछ । जस कारण घर वरपरको वातावरणलाई शितल बनाउने गर्दछ ।

६.मौसम पूर्वानुमानबारे सूचित रहनुहोस् ।

मौसमको अवस्था कस्तो छ र कस्तो हुन सक्छ भन्ने विषयमा जानकार रहेमा, त्यसै अनुसार पहिरन छनौट गर्ने तथा आफ्ना गतिविधिहरू योजना गर्न र आवश्यक सावधानीहरू लिन सक्नुहुन्छ ।

७. सन स्क्रिनको प्रयोग गर्ने

घामबाट निस्किएका अल्ट्रा भाइलेट (ग्ख चबथक) जस्ता घातक विकीरणहरूबाट बचाउनका लागि गर्मीयाममा घर बाहिर निस्कँदा चिकित्सक को सल्लाह अनुसार आफ्नो छालालाई मेल खाने सन स्क्रिनको प्रयोग गरेमा छालामा आउन सक्ने समस्या न्यूनीकरण हुनुका साथै क्यान्सर जस्तो जोखिमपूर्ण रोगको सम्भावना लाई कम गर्न सकिन्छ ।

यी ७ सुझावहरूको साथ, तपाईं गर्मीको असरलाई न्यूनिकरण गर्न सक्नुहुन्छ । यदि यी उपाय अबलम्बन गर्दा गर्दै पनि तपाईँको स्वास्थ्यमा समस्या आएमा हाम्रो पात्रो हेल्थमा अनलाईन परामर्श लिन सक्नुहुन्छ ।

# नियन्त्रित औषधी सहित पाँच पक्राउ

विराटनगर । प्रतिवन्धीत तथा नियन्त्रित औषधी सहित ५ जनालाई प्रहरीले पक्राउ गरेका छन् ।

घटनाको विवरण अनुसार झापाको बाह्रदशी गाँउपालिका-५ स्थित बिक्रम बिकास मेडिकलबाट प्रतिबन्धित तथा नियन्त्रित औषधी सहित मेडिकल संचालिका ३९ वर्षीय बन्दना पोखरेललाई प्रहरीले पक्राउ गरेको थियो ।

वैशाख १७ गते मेडिकल बाट प्रतिबन्धित तथा नियन्त्रित लागूऔषधजन्य औषधीहरु बिक्री बितरण भईरहेको भन्ने सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय झापाबाट खटिए को प्रहरी टोलीले पसलमा चेकजाँचको क्रम मा ट्रामाडोल ७ सय ९५ ट्याब्लेट, एन्टिकफ ४ सय ७० ट्याब्लेट र डाईक्लोमिन ३ हजार ९ सय ८० ट्याब्लेट बरामद गरेको थियो ।

त्यसैगरी वैशाख १७ गते साँझ बिराटनगर महानगर पालिका-१६ स्थितबाट लागू औषध नियन्त्रण व्यूरो विराटनगर र इलाका प्रहरी कार्यालय रानीको प्रहरी टोलीले चेकजाँचको क्रममा सुनसरी धरान उप-महानगरपालिका-१५ का ३५ वर्षीय डेबिट तामाङ र धनकुटा महालक्ष्मी-४ का १९ वर्षीय बिक्रम तामाङलाई ४ ग्राम ५९ मिलिग्राम र मोरङ सुन्दरहरैचा-५ का २४ वर्षीय दुखन ऋषिदेवलाई ४ सय १० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

धनकुटाको इलाका प्रहरी कार्यालय भेडेटारले चेकजाँच को क्रममा प्र. १-०२-०५५ प ३९०७ नम्वरको मोटरसाईकल चालक छथरजोरपाटी गाउ पालिका-५ का २४ वर्षीय निमा शेर्पालाई २ किलो ग्राम गाँजा सहित पक्राउ गरेको थियो ।

लागूऔषध सहित पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको सम्वन्धित प्रहरी कार्यालयले जनाएको छ ।

# पेस्तोल सहित १ पक्रउ

सुनसरी । सुनसरीको हरीनगर गाउँपालिका-७ स्थितबाट कटुवा पेस्तोल सहित १ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सोही स्थानका २५ बर्षीय सजाद अन्सारी रहेका छन ।




बैशाख १८ गते अपरान्ह बादबिवादको क्रममा सजाद अन्सारीले पेस्तोल निकालेको भनि स्थानियबासीले प्रहरीलाई खवर गर्ना साथ तत्काल प्रहरी चौकी घुस्की र जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले अन्सारीलाई कटुवा पेस्तोल सहित पक्राउ गरेको थियो ।

कटुवा पेस्तोल सहित पक्राउ परेका उनको थप अनुसन्धान भईरहेको छ ।

**नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**नगरवासीहरुको लागि जनहितमा जारी सूचना**

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

प्रदिप साह, प्र. प्रशासकइय अधिकृत
भूमा पराजुली, नगर उप-प्रमुख
दिलीप कुमार अग्रवाल, नगर प्रमुख

रंगेली नगरपालिका, नगरपालिकाको कार्यालय कोशी प्रदेश, मोरंग

**नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**नगरवासीहरुको लागि जनहितमा जारी सूचना**

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

हिमाल बराल, प्र. प्रशासकइय अधिकृत
मिरादेवी दास केवरत, नगर उप-प्रमुख
श्याम प्रसाद राजवंशी, नगर प्रमुख

सुनवर्सी नगरपालिका, नगरपालिकाको कार्यालय कोशी प्रदेश मोरंग

# कोशी प्रदेश लगानीको लागि निकै अनुकुल : प्रधानमन्त्री केपी शर्मा ओली




विराटनगर । कोशी प्रदेश सरकारले बैशाख १८ र १९ गते आयोजना गरेको लगानी सम्मेलनको उद्घाटनपछि सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले कोशी प्रदेश लगानीको लागि निकै अनुकुल भएको वताएका थिए ।

उहाँले सडक सञ्जाल, कानुनी अवस्था र अन्यकुरा हरुको कारण अहिलेको सवस्था अनुकुल रहेको भन्दै कोशी प्रदेशमा सबैतिर सडक सञ्जाल जोडिएकाले कच्चा पदार्थ ढुवानी र उत्पादनलाई बजारसम्म पुर्याउन कुनै समस्या नभएको वताएका थिए । हुलाकी राजमार्ग अन्तर्गत कनकाई र कमलामा पुल निर्माण भएलगत्तै चितवनसम्म सहज पहुँच हुने, माथिल्लो तर्फ एसियन मापदण्डको राजमार्ग निर्माण भइरहेकोले लगानी सुरु गर्दा बजारसम्म सामान पुगाउँदा राजमार्ग तयार भइसक्ने प्रधानमन्त्रीले दावी गरेका थिए ।

मदन भण्डारी राजमार्ग, कोशी, तमोर, किमाथांका, टिप ताला नाकाजस्ता स्थानहरू खुला भएकाले कोशी करिडोर निर्माण भइरहेको र जहाँसुकै सामान ढुवानी गर्न सकिने हुँदा लगानीकर्तालाई नडराई कोशी प्रदेशमा लगानी गरी अगाडि बढ्न आग्रह गरेका थिए ।

उहाँले लगानीको वातावरण बनाउने प्रमुख कुरा भनेकै लगानीकर्ता र श्रमिकबीच कुनै खटपट नहुनु हो । श्रमिक र रोजगारदाताबीच समस्या देखिए पनि सहजै समाधान हुने र अन्तर्राष्ट्रिय श्रम संगठन ( आईएलओ) को सिद्धान्तअनुसार सन्धि कार्यान्वयन भएकाले आईएलओले नेपालप्रति सफलताको प्रशंसा गरेको गरेका थिए ।

कार्यक्रममा प्रधानमन्त्री ओलीले अब भारतबाट सामान ढुवान गर्न सहज र सस्तो बनाउन जलमार्गको प्रयोग गर्ने गरी काम अघि बढ्ने भन्दै कोशी नदी र कर्णाली नदीमा जहाज मार्फत ढुवानी गर्ने गरी काम सुरु गरिएको वताए ।

त्यसैगरी, कर्णाली र विराटनगर विमानस्थलको लम्बाइ बिस्तार गर्ने भन्दै प्रधानमन्त्री ओलीले बुढी खोलाको चौडाइ बढाएर विराटनगर विमानस्थलको लम्बाइ बढाउने काम सुरु गर्नुपर्ने धारणा व्यक्त गरेका थिए ।

त्यसैगरी मधेश प्रदेश का मुख्यमन्त्री सिंहले युवाहरुको पलायन रोक्न नेपालमा उद्योग र पर्यटन क्षेत्रको विकास गर्नु पर्ने जोड दिएका थिए । उद्योग र पर्यटनमा लगानी गरेर युवाहरुलाई रोक्न नसके देश अझ पछि पर्दै जाने भन्दै छिमेकी मुलुक भारत र चीनबाट हिन्दु र बौद्ध धर्मावलम्बीहरुलाई ल्याउन सके देशको मुहार फेरिने वहाँको दावी थियो ।

संघीय सरकारले नीति बनाउँदा पनि ध्यान दिन आवश्यक रहेको भन्दै भारतीय पर्यटकले नेपाल आउँदा ल्याउन पाउने रकमको सीमा बढाउन पर्ने मुख्यमन्त्री सिंहले वताएका थिए ।

कर्णाली प्रदेशका मुख्य मन्त्री यामलाल कडेलले संघीय संरचनामा देश गएपनि कतिपय कानुनहरु पुरानो रहेको हुँदा समस्या भइरहेको वताएका थिए । उहाँले संघीय संरचनालाई बलियो बनाउन कानुनी र संरचनामा देखिएको जटिलता फुकाउन आवश्यक रहेको वताएका थिए ।

# ब्राउन सुगर सहित नौ जना पक्राउ

विराटनगर । झापा र मोरङको विभिन्न स्थानबाट प्रतिबन्धित औषधी र ब्राउन सुगर सहित प्रहरीले ९ जनालाई पक्राउ गरेको छ ।

वैशाख १५ गते दिउँसो बिराटनगर महानगरपालिका-१५ स्थितमा लागू औषध नियन्त्रण व्यूरो विराटनगर र इलाका प्रहरी रानीबाट खटिएको प्रहरी टोलिले चेकजाँचको क्रममा बिराटनगर-१२ का ४७ वर्षीय अनिश क्षेत्रीलाई ब्राउन सुगर १० ग्राम ५० मिलिग्राम, इटहरी उप-.महानगरपालिका-५ का ३४ वर्षीय दिपेन्द्र राईलाई ५ ग्राम ४७ मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

सोही दिन इलाका प्रहरी कार्यालय पोखरियाबाट खटिएको प्रहरी टोलिले चेकजाँचको क्रममा मोरङ बिराटनगर-८ का २० वर्षीय बिष्णु सहनी, मोरङ जहदा-३ का १८ वर्षीय रोहन विश्वकर्मा, पथरिशनिश्चरे-८ का २५ वर्षीय विक्रम विश्व कर्मालाई प्रतिबन्धित औषधी-इसकफ डीएक्स-७ थान बोतल, करिसपास-६ ट्याब्लेट सहित पक्राउ गरेको थियो ।

त्यसैगरी झापाको वडा प्रहरी कार्यालय भद्रपुरले पाँचथर फिदिम नगरपालिका-२ का २२ वर्षीय मिलन परियार र फाल्गुनन्द गाँउपालिका-३ का २४ वर्षीय सन्त बहादुर लामालाई २ ग्राम ५ सय ७० मिलिग्राम ब्राउन सुगर र औषधी नाईट्रा जापाम-९ टयाब्लेट सहित नियन्त्रणमा लिएको थियो ।

वैशाख १४ गते मोरङको बिराटनगर महानगरपालिका-१६ स्थितमा लागू औषध नियन्त्रण व्यूरो बिराटनगरबाट खटिएको प्रहरी टोलिले प्र.१-०२ ०४० प ८६१९ नम्बरको स्कुटरमा आउदै गरेका मोरङको बेलवारी-४ का २८ वर्षीय बिपुल बिष्टलई ब्राउन सुगर ३ ग्राम ३५ मिलिग्राम सहित पक्राउ गरेको थियो ।

त्यसैगरी झापाको मेचिनगर नगरपालिका-६ स्थितमा लागूऔषध नियन्त्रण व्यूरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलिले चेकजाँचको क्रममा प्रदेश १-०१-००२ ह २३६६ नम्बरको सिटिसफारी चालक मेचीनगर नगर पालिका-६ का ३० वर्षीय अविनाश ढकाललाई ब्राउन सुगर १ ग्राम ३ सय ७० मिलिग्राम सहित पक्राउ गरेको थियो ।

लागूऔषध ब्राउन सुगर सहित पक्राउ परेका उनिहरुको सम्वन्धित प्रहरी कार्यालयवाट थप अनुसन्धान भईरहेको छ ।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

*नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

**नगरवासीहरुको लागि जनहितमा जारी सूचना**

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यत्तिगत घटना दर्ता गराऔं ।

| डिल्लीराज निरौला | विनिता कुमारी मेहता | केदार भण्डारी |
|---|---|---|
| प्र. प्रशासकइय अधिकृत | नगर उप-प्रमुख | नगर प्रमुख |

इनरुवा नगरपालिका, नगरपालिकाको कार्यालय कोशी प्रदेश, सुनसरी, नेपाल

*नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

**नगरवासीहरुको लागि जनहितमा जारी सूचना**

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यत्तिगत घटना दर्ता गराऔं ।

| हिमालय बराल | मेनुका पोखरेल खतिवडा | वेद नारायण गच्छदार |
|---|---|---|
| प्र. प्रशासकइय अधिकृत | नगर उप-प्रमुख | नगर प्रमुख |

दुहवी नगरपालिका, नगरपालिकाको कार्यालय कोशी प्रदेश, सुनसरी, नेपाल

# लागुऔषध खैरो हिरोइन सहित तीन जना पक्राउ

विराटनगर मोरङर सुनसरी को दुई छुट्टा छुट्टै स्थानहरुबाट शुक्रवार लागुऔषध खैरो हिरोइन सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

लागुऔषध नियन्त्रण ब्यूरो विराटनगरबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपाल तर्फ आउदै गरेका मोरङको सुन्दरहरैचा नगरपालिका-८ का २९ बर्षीय विकेश भट्टराइ'लाई विराटनगर महानगर पालिका-१५ स्थितबाट १ ग्राम ६४ मिलिग्राम खैरो हिरोइन सहित नियन्त्रणमा लिएको थियो।

त्यसैगरी सुनसरीको इलाका प्रहरी कार्यालय लौकहीले सप्तरीको कन्चनरुप नगरपालिका-८ कन्चनपुर का २७ बर्षीय सर्वनरामर कन्चनरुप-९ का १९ बर्षीय प्रदिप कुमार यादवलाई ८०० मिलिग्राम खैरो हिरोइन सहित नियन्त्रणमा लिएको थियो।

लागुऔषध खैरो हिरोइन सहित पक्राउ परेका सबैजनाको सम्बन्धमा थप अनुसन्धान भईरहेको छ।

## भारतमा...

तर, नेपालमा त्यसभन्दा पनि एक कदम अगाडि वढेर धारा २८९(१) ले त आठवटा संवैधानिक पदहरु नागरिकमध्ये पनि वंशजलाई मात्र सुरक्षित गरेर नागरिकहरुकै वीचमा फरक व्यवस्था गरेकै छ। अब सात बर्षे अर्को टेको थप्नुपर्ने आवश्यकता नै छैन।

अहिले आएर सात वर्षसम्म का लागि नेपालीसँग विवाह गर्ने महिलालाई आर्थिक सामाजिक अधिकार प्रयोग गर्नेगरी अर्कै परिचयपत्र बनाउने भन्ने तर्क उठाउन थालिएको छ।

स्मरण रहोस् नेपालको संविधानले नागरिकताको विकल्प हुने गरी अन्य कुनै पनि परिचयपत्रको परिकल्पना नै गरेको छैन।

संविधानको धारा ११ (६) नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ भन्ने व्यवस्था गरेको छ। यहाँ अन्य परिचयपत्रको त कल्पनासम्म पनि छैन। तसर्थ त्यस्तो परिचय पत्रसम्बन्धी कानुन बनेछ भने पनि असंवैधानिक हुने प्रष्ट छ।

तसर्थ आफ्नै नागरिकलाई अल्मलमा राखी वहानावाजी गर्नुको कुनै अर्थ छैन। अर्को कुरा, संविधानमा प्रष्ट रहेको कुरामा कानुन बनाउन त संविधान जारी भइसकेको चार वर्ष बितिसक्दा पनि नागरिकता सम्बन्धी नयाँ कानुन जारी हुन सकेको छैन भने संविधान र नेपालमा हालसम्म प्रचलनमा नै नआएको अन्य परिचयपत्र को कानुन त कहिले बन्ने भन्ने 'आकाशको फल आँखा तरी मर' भनेजस्तै हुने प्रष्ट छ।

अब कुरा गरौं सात वर्षपछि वैवाहिक अंगीकृत नागरिकता दिँदा आम जनजीवनमा के असर पर्छ ?

तर्कहरु सुनिएका छन् विदेशीसँग किन बिहे गर्ने ? यस्ता फाल्तुतर्क जवाफ को अपेक्षा गर्दैन। आफनो रोजाइको व्यक्तिसँग विवाह गर्न पाउनु नितान्त व्यक्तिगत अधिकारको कुरा हो र यसमा प्रतिवन्ध लगाउने कल्पना गर्नु नै मूर्खता हो।

नेपाल भारतको खुला सीमाना, सिमान्चलका जनताको एक आपसको पारिवारिक तथा सांस्कृतिक सम्बन्धलाई खल्बल्याउने मात्रै उद्देश्य हो भने यसको प्रतिक्रिया त समयक्रमले नै देला तर, यो सम्बन्धलाई व्यवस्थित र मर्यादित तुल्याई राष्ट्रप्रतिको अपनत्व भाव सिर्जना गर्न खोज्ने हो भने कानुनी र व्यवहारिक जटिलता होईन अपितु सहजताको आवश्यकता पर्दछ।

विवाह भएर आएको दिन राष्ट्रवादी नहुने र सात बर्षपछि राष्ट्रवादी भइने तर्कमा कुनै दम छैन।

तराईका अधिकांश जिल्लामा वंशज नागरिककै सन्तानहरु जिल्ला प्रशासन कार्यालयहरुमा नागरिकता लिन जाँदा मावली कहाँ हो, तिमी भारतीय हो, सवै मधेसी भारतबाट आएका हुन् भन्नेजस्ता अपमान जनक शब्दवाणले आहत युवाहरु यत्रतत्र भेटिरहेका छन् भने विदेशी महिलाले नेपालमा विवाह गर्दा सात वर्ष कुर्नपर्ने प्रावधान राख्ने हो भने ती दम्पतिबाट जन्मिने सन्तानहरुको जन्मदर्ता, विद्यालय भर्ना, गरीव दलितको हकमा छात्रवृत्ति, जस्ता यावत कानुनी सुविधा तथा अधिकारहरुबाट वंचित हुनुपर्ने हुन्छ।

तपाईहरुले फेरि यो नभन्नुहोला कि बुबाको नागरिकता भएपछि जन्मदर्ता त भइहाल्छ नि। अहिले हरेक स्थानीय निकायमा अनलाइन जन्मदर्ताको प्रकृया छ र त्यस अनलाइन फारम भर्न बुबा र आमाको नागरिकता अनिवार्य गरिएको छ।

कथंकदाचित विवाहको सात वर्ष नपुग्दै पतिको मृत्यु भयो भने ति महिलाको अवस्था के हुने, ती महिलाले त्यस सात वर्षको अवधिमा कुनै पनि प्रकारको सरकारी वा गैरसरकारी सेवाका लागि आवेदन र प्रतिस्पर्धा गर्न पाउने वा नपाउने यी यावत जटिलताहरु सम्वोधन कसरी गर्ने ?

फेरि, विवाह भएर आएको दिन राष्ट्रवादी नहुने र सात बर्षपछि राष्ट्रवादी भइने तर्कमा कुनै दम छैन। यो भनेको अहिलेको ग्लोबल विश्वमा नेपालले आफूलाई अरुसँग अलग राख्न चाहेको छ भनी सन्देश जान्छ।

कुनै पनि क्रियाको प्रतिक्रिया स्वाभाविक हुन्छ। अहिले तपाईहरुको अत्यन्त ठूलो बहुमत छ तसर्थ नागरिकप्रतिको जिम्मेवारी अझ बढी छ। तर, यस्तै गैरजिम्मेवार निर्णयहरु गर्दै जाने हो भने यसले निम्त्याउने नागरिक असन्तुष्टि तथा संसारभरि नेपालका बारेमा जाने सन्देशबाट उत्पन्न हुने प्रतिक्रियाको मात्र चिन्ता हो मेरो। (लेखक प्रदेश २ का मुख्य न्यायाधिवक्ता हुन्) अनलाईन खबरबाट

# गाँजा बोकेको सवारी साधन सहित ४ पक्राउ




विराटनगर। धनकुटा र सुनसरीबाट लागूऔषध गाँजा बोकेको २ वटा सवारी साधन सहित ओसार पसारमा संलग्न रहेका ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

बैशाख १५ गते राती विशेष सुचनाको आधारमा धनकुटाको इलाका प्रहरी कार्यालय राजारानी र अस्थायी प्रहरी विट मौना वुधुकबाट खटिएको प्रहरी टोलीले चौबिसे गाउँपालिका-५ स्थितबाट ना.५ख ६१५७ नम्वरको ट्रकमा लोड भएको अवस्थामा ३८ बोरा (९ सय ४६ किलोग्राम) गाँजा बरामद गरेको थियो। गाँजा बरामद भए संगै ट्रक र ओसार पसारमा संलग्न रहेका चौविसे गाउँपालिका-५ का मनोज लिम्वुलाई प्रहरीले नियन्त्रणमा लिएको थियो। त्यसै गरी बिशेष सुचनाको आधारमा सुनसरीको इलाका प्रहरी कार्यालय सितागंजबाट खटिएको प्रहरी गस्ती टोलीले बर्जु गाँउपालिका-३ स्थितबाट प्र.१-०२-००२ च ५१२६ नम्वरको पिकअप गाडीमा ६ बोरा (१ सय ९९ किलो ३ ग्राम) गाँजा फेला पारे संगै ओसार पसारमा संलग्न चालक धनकुटा नगरपालिका-९ उद्धव भण्डारी र सहचालक सोही स्थानका कबिराज राईलाई नियन्त्रणमा लिएको थियो।

बैशाख १६ गते प्रहरी चौकी घुस्की र अस्थायी प्रहरी चौकी गौतमपुरबाट खटिएको प्रहरी टोलीले हरीनगर-३ गौतमपुर स्थितमा प्रदेश १-०२-००४ ह १६४३ नम्वरको सिटी सफारीलाई संका लागी चेकजाँच गर्ने क्रममा ४१ किलोग्राम गाँजा फेला पारेको हो। उक्त गाँजा बरामद भए संगै सिटी र चालक इनरुवा नगरपालिका-७ का ३० बर्षीय अमिर मियाँलाई प्रहरीले पक्राउ गरेको हो। गाँजा सहित पक्राउ परेका मियाँको जिल्ला प्रहरी कार्यालय सुनसरीबाट थप अनुसन्धान भईरहेको छ।

गाँजा बोकेको २ वटा सवारी साधन सहित पक्राउ परेका उनिहरुको सम्वन्धित प्रहरी कार्यालयवाट थप अनुसन्धान भईरहेको छ।

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

सुधिर साफी, प्र.प्रशासकिय अधिकृत
कुमारी विभा यादव, उपाध्यक्ष
बेचन प्रसाद मेहता, अध्यक्ष

देवानगञ्ज गाउँपालिका, गाउँपालिकाको कार्यालय, कोशी प्रदेश, सुनसरी, नेपाल

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

दिल बहादुर खड्का, प्र.प्रशासकिय अधिकृत
अनिता कुमार साह, उपाध्यक्ष
आश नारायण चौधरी, अध्यक्ष

गढी गाउँपालिका, गाउँपालिकाको कार्यालय, कोशी प्रदेश, सुनसरी, नेपाल